# □फल्याटमाडौ"

— धीरकुमार श्रेष्ठ

एकाबिहानै घरबेटीले चेतावनी दिए, "बस्ने भा' खुरुक्क बढेको पचास प्रतिशत भाडा तिर्ने, नभा' कोठा खाली गर्दिने । अब फ्ल्याटमात्र लाउने ।" तलबमा बीस प्रतिशत वृद्धि के भएको थियो बुढाले पचास प्रतिशत कोठाभाडा बढाइदिए । बढेको तलब जति कोठाभाडामा गएपछि पेट्रोलियम पदार्थ र भ्याटका कारण भएको मूल्यवृद्धिका लागि कहाँबाट रकम जुटाउने ? उपाय सोच्तासोच्तै राँची पुग्नुपर्ने बेथाले समातेपछि एकजनालाई सम्झिन पुगियो ।
उनको डेरानुभव यस्तो छ । सुरुमा डेरा सर्नुलाई उनी मरेको जुनी सम्झँदा रहेछन् । घरबेटीसँग मिलेर बस्नुमा कल्याण देखी जस्तोसुकै असुविधा सहेर बस्दा रहेछन् । घरबेटीले माथिल्लो तलादेखि बढारेर ल्याएको फोहर आफ्नै कोठाअगाडि थुपारिदिँदा पनि वरदान सम्झेर सफा गर्दारहेछन् । आफ्नै घर सम्झेर कसैलाई केही मर्का नपार्दा डेरा सर्नुपर्दैन भन्ने उनको मान्यता त्यति बेला भङ्ग भएछ जति बेला उनलाई डेरा सर्न भनिएछ । बढी भाडा दिन आउनेलाई दिने निउमा छँदाखाँदाको डेराबाट निकालिन आँटेपछि बिचराले "के गल्ती भयो ? सच्याउँछु ।" भन्दा पनि घरबेटी पग्लनेछन् ।
हाँडाचिन्डा सारेपछि उनले नयाँ सिद्धान्त प्रतिपादन गरेछन् । पहिला आफू बसेको घरलाई आफ्नोजस्तो गर्दा बित्थामा डेरा सर्न परेको झोकमा उल्टोउल्टो गर्न थालेछन् । आफू बसेको घरलाई पराइको जस्तो जथाभावी फोहर गर्ने, चाहिने नचाहिने पाहुना बोलाउने, रेडियोटेलिभिजन ठूलोठूलो स्वरले बजाउने, बत्तीपानी जथाभावी चलाउने गर्दा उनी दुई महिना पनि टिकेनछन् । त्यसपछि उनले प्रतिपादन गरेको अन्तिम सिद्धान्त हो "खुट्टा भए जुत्ता जत्ति पाइँछन् ।" त्यसपछि उनले होइन, डेराले उनलाई खोज्न थालेछ । डेरा सर्दा घरबेटीले होइन, उनले घरबेटीको अन्तर्वार्ता लिन थालेछन् । घरबेटीको साटो उनले विभिन्न आरोप लगाउँदै ६/६ महिनामा डेरा सर्न थालेछन् । त्यसरी डेरा सर्दै गर्दा उनले भनेका थिए, "घर नबनाउञ्जेल त हो 'नि सर्ने, रोजीरोजी सर्नुपर्छ । यिने'रुले पाउन्नन् क्यार !"
एकाबिहानै बिनाअपराध घरबेटीले कोठा खाली गर्ने आदेश दिएपछि तिनलाई सम्झन पुगिएको हो । ती थिए उडिरहेको चरा खसाल्लान्जस्ता, आफू परियो गुडिरहेको नाङ्लो ढलाउन नसक्ने । बढेको बीस प्रतिशत तलब घरबेटीलाई बुझाएपछि अरूलाई कहाँबाट पुऱ्याउने ?
"बढेको तलबबाट कम्तीमा अनिवार्य आवश्यकता पूरा गर्ने हो भने डेरा सर्नैपर्ने भयो ।" ध्यानदृष्टिले सूत्र खोज्दा, पाइएन । विद्यार्थी हुँदाको जस्तो घरैपिच्छे सोध्दै हिँडू भने आफ्नो नभए पनि अधिकृत[२]-साहित्यकार (?) को इज्जत जोगाइदिनैपऱ्यो । स्थापित हुन खोज्दा विस्थापित भइसकेको थाहा नपाउने साहित्यकार र कुबेरको छेकबारमा बसेर घरबार जोड्न नसक्ने अधिकृत[२]ले डेरा खोज्ने सूत्र फेला पार्न सकेन ।
अचानक, अधिकृत[२]साहित्यकारलाई एकजना डेराविज्ञको सम्झना भयो । त्यहाँ पुगी धनुष्टङ्कार नमस्कार गरी बेथा बताएपछि डेराविज्ञ बोले, "सुन मनुवा, यो डेरारोग साह्रै खराब जति उपचार गरे 'नि निको हुनै गाह्रो । त्यसकारन सक्छस् भने जसरी भए 'नि (?) कमा र घर बना । सक्तैनस् भने सुन् । डेरा खोज्न बिहान होइन बत्ती बाल्ने बेला भए'छि निक्लने । कोठा खाली भ'का घरले बेलुका भ'छि रित्ता कोठाका भित्ता देखिने गरी बत्ती बालेर छाडेका हुन्छन् । घरबेटीले कोठा खाली भ'को जनाउ दिने र डेरा खोज्नेले डेरा खाली भ'को सूचना पाउने यो नयाँ तरिका हो । त्यस्ता ठाम पहिल्याइसकेपछि भोलिपल्ट ग'र कुरा गर्नू फरक पर्दैन । त्यसरी हिँड्दा कोठाको झ्यालमा 'Tolet' भनेर फोन नं. लेखेको भए त्यो 'नि कोठा खाली छ भनेको हो । दोस्रो, टोलटोलका पसलमा ग'र सोध्नू । तेस्रो, आफन्त र साथीभाइलाई सोध्नू । चौथो, विज्ञापन दिनू ।"
सूत्र अपनाउँदा उसले प्रशस्त फ्ल्याट फेला पाऱ्यो तर डेरा पाएन । कुनै उपाय नलागेपछि विद्यार्थी हुँदाको पुरानो सूत्र प्रयोग गर्ने निधो गरेर ऊ हिँड्यो । कहीँ कोठा भेटे कोठाभाडा चर्को, कोठा र भाडा दुवै मिले घरबेटीको झर्को र फर्को । कहीँ "यी डेरा खोज्न आ'का हुन्" भन्ने थाहा पाए ढोका ढ्यामढुम्म, कहीँ घरबेटीले झर्केर बोल्दा उत्साह स्यामसुम्म । रामले चौध वर्षे वनवासमा भोगेकाभन्दा उखुम भुक्तमान भोग्यो । तेस्रो ध्रुवको अनागरिकको पीडा भोगिसकेपछि उसले एकजना मिजासिला घरबेटी भेट्यो । अरूले मूल ढोकासम्म पाउकस्ट नगरी कौसीबाटै "छैन" भनेकोमा तिनले बैठककोठासम्मै लगेर उसलाई स्वागत गरे । घरका खाली कोठाचोटा झर्को नमानी देखाए । "यस्ता ठाममा बसे'छि जिन्दगी डेरा सर्न पर्दैन" भन्ने उसलाई लाग्यो तर सबै मिलिसकेपछि उनले पनि "फ्ल्याटमात्रै दिने" भनेपछि खत्रक्क भई फत्रकफत्रक भयो अधिकृत[२]साहित्यकार ।

dhires@gmail.com